
NYC Mayor's Office of Immigrant Affairs

# NYC का स्याङ्चुअरी नगर कानुनहरू



फेब्रुअरी 2025

अङ्ग्रेजी

# MOIA को अध्यागमन कानुनी हटलाइन

## 1-800-354-0365 मा कल गर्नुहोस्

**सोमवारदेखि शुक्रवारसम्म, बिहान 9 बजे देखि साँझ 6बजे सम्म**

**तपाईंले चाहेको भाषामा दोभासे सेवा उपलब्ध छ**

नि:शुल्क र गोप्य अध्यागमन कानुनी सहायताका लागि, आप्रवासी न्युयोर्कवासीहरूले मेयरको आप्रवासी मामिला कार्यालय (Mayor's Office of Immigrant Affairs, MOIA) अध्यागमन कानुनी सहायता हटलाइनमा कल गर्न सक्ने छन्।

# NYC 24/7 हटलाइन

## 311 मा कल गर्नुहोस्

**"अध्यागमन" भन्नुहोस्**

**दोभासे सेवा उपलब्ध छ**


अध्यागमन कानुन जटिल हुन्छ। झूटा वाचाहरू सङ्केत गर्न सक्ने अध्यागमन कानुनी ठगी वा छलकपट गरी गर्ने सेवा दिने व्यक्तिहरूबाट सावधान रहनुहोस्।

**याद गर्नुहोस्:** वकालतका लागि अनुमतिपत्र प्राप्त नगरेका पब्लिक नोटरीले तपाईंको तर्फबाट अध्यागमन फारामहरू भर्न वा दायर गर्न मिल्दैन। उनीहरूले तपाईंलाई कानुनी सल्लाह पनि दिनु हुँदैन।



यस पुस्तिकामा सामान्य जानकारी मात्र प्रदान गरिएको छ। यो कानुनी सल्लाह होइन। कानुनी सल्लाहका लागि वकिलसँग परामर्श गर्नुहोस्।

# न्यूयोर्क ले सबै न्युयोर्कवासीहरूको जीवनलाई महत्त्व दिन्छ। तपाईंको अध्यागमन स्थिति जेजस्तो भए पनि, हामी तपाईंलाई यहाँ बस्न सुरक्षित रहेको महसुस गराउन चाहन्छौँ।





यस पुस्तिकामा सामान्य जानकारी मात्र प्रदान गरिएको छ। यो कानुनी सल्लाह होइन। कानुनी सल्लाहका लागि वकिलसँग परामर्श गर्नुहोस्।

**शहरले तपाईंको गोपनीयताको रक्षा गर्ने कानुनहरू लागू गरेको छ।**

कुनै पनि एजेन्सीले तपाईंबाट सङ्कलन गरिरहेको विवरण कसरी प्रयोग गर्ने योजना बनाएको छ भन्ने बारेमा तपाईंसँग प्रश्नहरू छन् भने, उनीहरूलाई सोध्न सक्नुहुन्छ।

**न्यूयोर्क शहरको कानुनले शहरका सबै एजेन्सीहरूका लागि** संघीय अध्यागमन प्रवर्तन निकायलाई मद्दत गर्न कुन हदसम्म शहरको सम्पत्ति, समय र स्रोतहरू प्रयोग गर्न सकिन्छ भन्ने सम्बन्धमा **सीमा तोकेको छ।**

न्यूयोर्क शहरको स्याङ्चुअरी कानुनहरूको ध्येय NYC मा कसैलाई पनि देश निकाला नगरियोस् भन्ने **होइन**।

# म आफूलाई कसरी बचाउन सक्छु?

# 1 आफ्नो पारिवारिक योजना बनाउनुहोस्।

**एक जना आपत्कालीन सम्पर्क व्यक्ति छनोट गर्नुहोस् र तिनको फोन नम्बर याद गर्नुहोस्।** आपत्कालीन सम्पर्क व्यक्ति तपाईंले विश्वास गर्ने व्यक्ति हुन सक्छन्, जस्तै परिवारका सदस्य, साथीभाइ, समुदायको नेता वा वकिल।

**आफ्ना कागजातहरू मिलाउनुहोस्** र तिनलाई तपाईंका आपत्कालीन सम्पर्क व्यक्तिहरूले भेटाउन सक्ने सुरक्षित ठाउँमा राख्नुहोस्।

**एकजना वैकल्पिक अभिभावक छनोट गर्नुहोस्: तपाईंलाई हिरासतमा पर्नुभएको खण्डमा तपाईंको बच्चाको स्याहार गर्न तपाईंले विश्वास गर्ने व्यक्ति।** वैकल्पिक अभिभावकहरूसँग तिनको हेरचाहमा रहेका बच्चाका लागि प्रमुख मेडिकल निर्णयहरू र बच्चालाई कुन स्कुलमा पढाउने भन्ने निर्णयहरू लगायत महत्त्वपूर्ण निर्णयहरू गर्ने अधिकार हुन्छ।



यस पुस्तिकामा सामान्य जानकारी मात्र प्रदान गरिएको छ। यो कानुनी सल्लाह होइन। कानुनी सल्लाहका लागि वकिलसँग परामर्श गर्नुहोस्।

2

## अधिकारीहरूसँग समस्यामा पर्नबाट बच्नुहोस्।

3

## तपाईं कानुन प्रवर्तन अधिकारीहरूसँग शारीरिक झगडामा संलग्न हुनु हुँदैन।

4

## कुनै पनि आपराधिक गतिविधिमा संलग्न नहुनुहोस्।



यस पुस्तिकामा सामान्य जानकारी मात्र प्रदान गरिएको छ। यो कानुनी सल्लाह होइन। कानुनी सल्लाहका लागि वकिलसँग परामर्श गर्नुहोस्।

## MOIA को अध्यागमन कानुनी हटलाइन

# 1-800-354-0365 मा कल गर्नुहोस्

**सोमवारदेखि शुक्रवारसम्म, बिहान 9 बजे देखि साँझ 6बजे सम्म**

**तपाईंले चाहेको भाषामा दोभासे सेवा उपलब्ध छ**

नि:शुल्क र गोप्य अध्यागमन कानुनी सहायताका लागि, आप्रवासी न्युयोर्कवासीहरूले MOIA अध्यागमन कानुनी सहायता हटलाइनमा कल गर्न सक्ने छन्।

## NYC 24/7 हटलाइन

# 311 मा कल गर्नुहोस्

**"अध्यागमन" भन्नुहोस्**

**दोभासे सेवा उपलब्ध छ**




यस पुस्तिकामा सामान्य जानकारी मात्र प्रदान गरिएको छ। यो कानुनी सल्लाह होइन। कानुनी सल्लाहका लागि वकिलसँग परामर्श गर्नुहोस्।

**नोटहरू:**

**www.nyc.gov/knowyourrights**

**सबैभन्दा पछिल्लो जानकारीका लागि,**



- **आफ्नो फोनको क्यामेरालाई तलको QR कोडतिर फर्काउनुहोस् र केही सेकेन्डसम्म स्थिर राख्नुहोस्।**
- **जानकारी पहुँच गरेको देखा पर्ने सूचनामा ट्याप गर्नुहोस्।**